धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३४२ ◆ २०८३ असार १४ गते आइतबार, Sunday, June 28, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## गोरखास्थित सीमा क्षेत्र र सीमा स्तम्भको अनुगमन

गोरखा । उत्तरी गोरखास्थित सीमा क्षेत्र र सीमा स्तम्भको अनुगमन गोरखा, ११ असार : उत्तरी गोरखाको सामागाउँ र साम्दोस्थित नेपाल प्रहरी र सशस्त्र प्रहरी (बिओपी) को संयुक्त टोलीले नेपाल-चीन सीमा स्तम्भ तथा सीमा इलाकाको संयुक्त अनुगमन गरेको छ ।

चुमनुब्री गाउँपालिका-१ साम्दोमा रहेको बिओपीका सशस्त्र प्रहरी, प्रहरी चौकी सामागाउँका नेपाल प्रहरी, जनप्रतिनिधि र अन्य स्थानीयवासीको संयुक्त टोलीले बुधबार रुइला नाका र त्यहाँ रहेको ३५ नम्बर सीमा स्तम्भ क्षेत्रको अवलोकन हो । प्रहरी निरीक्षक आकाश सूचीकारको नेतृत्वमा सामागाउँ प्रहरी चौकीका प्रहरी, वडा सदस्य पासाङ लामा, साम्दो, सामागाउँ र स्याला गाउँका स्थानीय बासीको टोलीले त्यस क्षेत्रको अनुगमन गरेको सशस्त्र प्रहरी गोरखा गुल्मका प्रमुख डिएसपी ढलप्रसाद काफ्लेले जानकारी दिनुभयो ।

उक्त टोलीले समयसमयमा त्यस क्षेत्रको निरीक्षण गरी शान्ति सुरक्षालगायत विषयमा जानकारी हासिल गर्दै आएको छ । साम्दोस्थित बिओपीले स्याला नाका, रुइला नाका र लाजुन नाका क्षेत्रमा सुरक्षा गर्दै आएको छ । छेक्या र बाजु क्षेत्रमा लामो समयदेखि बिओपी स्थापना गर्ने भनिए पनि हालसम्म स्थापना हुन सकेको छैन ।

## सरकारबाट उपचार खर्च लिने क्यान्सरका बिरामी बढे

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । विगत पाँच वर्षमा क्यान्सरका बिरामी करिब दोब्बरले बढेका छन् । सरकारबाट उपचार खर्च लिने क्यान्सरका बिरामी बढेका स्वास्थ्य सेवा विभागको सामाजिक सुरक्षा तथा नर्सिङ महाशाखाले जनाएको छ । महाशाखाका निर्देशक हिरादेवी निरौलाले पाँच वर्षमा क्यान्सरको उपचारबापत सहुलियत लिने बिरामी दोब्बरले बढेका जानकारी दिनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष २०७७/७८ मा १५ हजार १८७ क्यान्सरका बिरामी रहेकामा आर्थिक वर्ष २०८१/८२ मा २८ हजार ६७८ जना पुगेका छन् । उहाँले क्यान्सरको जनचेतना कमीले क्यान्सर रोग लाग्ने गरेको बताउनुभयो । "क्यान्सरको जनचेतनाको कमीले क्यान्सर रोग लाग्ने गरेको पाइएको छ," उहाँले भन्नुभयो, "सरकार नागरिक समाज सबैले क्यान्सर रोगबाट बचाउन जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।" यसैगरी, २०७८/७९ मा १९ हजार ३१, २०७९/८० मा १६ हजार ६९६ र २०८०/८१ मा २२ हजार १५३ जना क्यान्सरका बिरामीले महाशाखाबाट उपचार खर्च लिएका महाशाखाका निर्देशक निरौलाले जानकारी दिनुभयो । महाशाखाले विपन्न नागरिक औषधि उपचार कोषबाट क्यान्सर पीडितका लागि रु एक लाख सम्मको औषधि उपचारको व्यवस्था गर्दै आइरहेको छ । यस्तै, प्रदेश सरकारले पनि थप रु एक लाखसम्मको उपचार सहायता प्रदान गर्दै आएको छ । शरीरको कोष तथा कोषिकाको समूहको अस्वाभिक वृद्धि नै क्यान्सर रोग हो ।

यसलाई एक प्रकारको गिर्खा वा ट्युमर पनि भनिन्छ । नेपालमा देखिएका मुख्य क्यान्सरमा फोक्सोको क्यान्सर, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पेटको क्यान्सर र आन्द्राको क्यान्सर प्रमुख रहेका महाशाखाका निर्देशक निरौलाले जानकारी दिनुभयो । उहाँका अनुसार पुरुषमा फोक्सो, पेट, आन्द्रा, मुख र थाइराइडको क्यान्सर बढी देखिएको छ भने महिलामा पाठेघरको मुख, स्तन, फोक्सो, पित्तथैली र डिम्बाशयको क्यान्सर प्रमुख छन् ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका क्यान्सर रोग विशेषज्ञ डा अरुण शाहीले अत्यधिक मद्यपान र सुर्तीजन्य पदार्थको सेवन, खानपिन, जीवनशैली, आराम, विकिरणको प्रभाव, जीवाणुको कारण, वङ्शाणुगत कारण जस्ता मुख्य कारणले क्यान्सर निम्त्याउने बताउनुभयो । "भात, दाल, तरकारी, अचार नखाएर हामी बढीजसो फास्टफुड, जङ्कफुड, धुम्रपान, मद्यपान, पोलेको, व्यायाम नगर्दा, सडेगलेका तथा बासी खानेकुरा खाँदा धेरै नै क्यान्सर हुने जोखिम हुन्छ", ।

उहाँले भन्नुभयो," मोटोपनले गर्दा क्यान्सर हुने जोखिम दोस्रो कारक हो ।" उहाँले खानपिन, आराम, व्यायाम, धुम्रपान, मद्यपान र मोटोपनलाई रोक्न सके क्यान्सरलाई कम गर्न सकिने बताउनुभयो । नेपालमा सबभन्दा बढी फोक्सो र त्यसपछि महिलाको पाठेघरको मुखमा हुने क्यान्सर रहेको छ । त्यसपछि स्तन क्यान्सर, पेटको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर र रगतको क्यान्सर पर्ने गर्दछन् । सरकारले पाठेघरको मुखको क्यान्सर विरुद्धको लगाइने 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप किशोरीलाई निःशुल्क लगाउँदै आएको छ ।

सरकारकै तहबाट क्यान्सर रोग उपचारका लागि भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित विपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र सुशील कोइराला प्रखर क्यान्सर अस्पताल स्थापना गरेको छ ।

## भक्तपुरमा देखियो बर्डफ्लू, ४८ हजार कुखुरा नष्ट

भक्तपुर । जिल्लामा पंक्षीमा लाग्ने 'बर्डफ्लु' पुष्टि भएको छ चाँगुनारायण र सूर्यविनायक नगरपालिकाका कुखुरा फार्ममा बर्डफ्लू पुष्टि भएपछि कुखुरा नष्ट गरिएको छ ।

बर्डफ्लू रोग कुखुरामा सरेपछि हालसम्म चाँगुनारायण २, ८ र ९ मा पालिएका ३८ हजार ७९५ कुखुराहरू नष्ट गरिएको पशु सेवा कार्यालयका पशु चिकित्सक डा अमिक श्रेष्ठले जानकारी दिनुभयो । बर्डफ्लु रोगका कारण सुर्यविनायक १, ४ र ८ मा नौ हजार ३७८ कुखराहरू नष्ट गरिएको उहाँले जानकारी दिनुभयो । जिल्लामा ४८ हजार १७३ कुखुरा नष्ट गरेको जानकारी दिँदै उहाँले बर्डफ्लू रोग कुखुरा फार्ममा फैलिएको पुष्टि भएका फार्मका कुखुरा नष्ट गरिएकोले सरोकारवालाहरुसचेत हुनुपर्ने समेत बताउनुभयो ।

## सामूहिकखेती पद्धतिलाई प्रोत्साहन गर्दै उपमहानगर

बागमती । हेटौंडा उपमहानगरपालिकाले सामूहिक खेती पद्धतिलाई प्रोत्साहन गर्ने भएको छ ।

आर्थिक वर्ष २०८३/ ८४ को नीति तथा कार्यक्रममा उमहानगरपालिकाले सामूहिकखेती पद्धतिलाई प्रोत्साहन गरिने उल्लेख गर्दै नगरको २०० बिघा क्षेत्रफलमा ड्रागन तथा मेवाखेतीमा लगानी विस्तार गरिने जनाएको छ ।

कृषितर्फ आधुनिक प्रविधि, सिँचाइ विस्तार, उन्नत बीउ तथा समुचित मलको प्रयोगलाई प्राथमिकता दिई उत्पादन, उत्पादकत्व वृद्धि तथा लागतमा न्यूनीकरण गरिने नगरप्रमुख मीनाकुमारी लामाले बताउनुभयो ।

किसान सूचीकरणमार्फत सम्पूर्ण कृषकको तथ्याङ्क सङ्कलन सम्पन्न गरी 'कृषि तथा पशुजन्य वस्तुको उत्पादन, कृषकको पहिचान' भन्ने मूल नाराका साथ कृषकको वर्गीकरण गरी कृषक पहिचानसहित परिचयपत्र वितरण गरिने उपमहानगर पालिकाले जनाएको छ । जेनजीलाई उत्पादन तथा आयआर्जनमा जोड्नका लागि युवा लक्षित कृषि कार्यक्रममार्फत युवालाई कृषिमा आकर्षित गर्न कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा भनिएको छ । नमूना क्षेत्र निर्धारण गरी विषादीरहित उत्पादनमा प्रोत्साहन गर्दै जैविकखेती प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याउने उपमहानगर पालिकाको योजना छ । तरकारी तथा फलफूल उत्पादनका कार्यक्रमलाई प्रोत्साहन गर्न कृषक समूह तथा कृषि सहकारीमार्फत अम्बा, मेवा, लिची, केरा, ड्रागन, एभोकाडोलगायतका फलफूलको क्षेत्र विस्तारका कार्यक्रम अन्तर्गत 'बारीदेखि बजारसम्म'को नीति अवलम्बन गरिने नगरप्रमुख लामाले बताउनुभयो । '

इज्जतको कमाइ कोषमार्फत' महिला किसान प्रोत्साहन कार्यक्रम महिला कृषकको सहकार्यमा सञ्चालन गरिने जनाइएको छ ।

## कर्णाली प्रदेशस्तरीय टेबलटप कृत्रिम घटना अभ्यास

❑ प्रत्यूष समाचारदाता

कर्णाली । भूकम्प गएको अवस्थामा जीवनरक्षक खोज, उद्धार तथा आपत्कालीन स्वास्थ्य सेवा प्रवाह कसरी गर्न सकिन्छ भन्ने बारेमा 'कर्णाली प्रदेशस्तरीय टेबलटप कृत्रिम घटना अभ्यास' सम्पन्न गरिएको छ ।

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सुर्खेतको आयोजना, युरोपेली सङ्घ (इयु), युएनडिपी, युएनओमन, युनिसेफ, ह्यान्डिक्याप इन्टरनेस्नलको समन्वय तथा सुन्दर नेपाल संस्थाको स्थानीय साझेदारीमा सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी परियोजनाअन्तर्गत आज बीरेन्द्रनगर सुर्खेतमा 'कर्णाली प्रदेशस्तरीय टेबलटप कृत्रिम घटना अभ्यास' सम्पन्न भएको हो । कार्यक्रममा विपद् विषयका विज्ञ डा सिर्जन मल्लले भूकम्प गएको समयमा राज्यका संयन्त्रको शीघ्र खोज, उद्धार तथा आपत्कालीन स्वास्थ्य सेवामा गर्नुपर्ने कार्यका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । विपद्को समयमा खोज तथा उद्धारमा हुने ढिलाइले जनधनको ठूलो क्षति हुने भएकाले यसमा राज्यका सबै संयन्त्रको क्रियाशीलता बढाउन गरिने क्रियाकलापका विषयमा उहाँले जानकारी दिनुभयो । अभ्यासका क्रममा प्रदेश विपद् व्यवस्थापन समिति, विषयगत समूह तथा निजी क्षेत्र र प्रदेश आपत्कालीन आपत्कालीन सञ्चालन केन्द्रले छुट्टाछुट्टै समूह कार्य गरी कार्ययोजना निर्माण गरेका थिए । समूह कार्यमा विपद्को बेला सम्बन्धित निकायहरूको भूमिका, जिम्मेवारी र प्राथमिकताका विषयमा व्यापक छलफल भएको थियो । अभ्यासमा प्रदेश विपद् व्यवस्थापन समितिका तर्फबाट प्रमुख सेनानी प्रज्ज्वल अधिकारीले आधुनिक प्रविधिमैत्री विश्व सञ्चारलाई आधार बनाउँदै टोलीलाई कसरी तैनाथ गर्ने, यसमा क-कसको के भूमिका हुने भन्ने तथ्य समूह कार्यबाट निकालिएको निष्कर्ष प्रस्तुत गर्नुभयो ।

गोदाम घरको प्रबलीकरण, नीतिगत हिसाबले हरेक निकायमा भएका अभ्यास तथा प्रयास, विपद्बाट जनधन क्षति हुँदा त्यसको व्यवस्थापन कसरी गर्ने भन्नेबारे कार्ययोजना निर्माण गरिएको उहाँले जानकारी दिनुभयो । खानेपानी तथा सरसफाइ, खाद्य तथा पोषण सेवाको कार्यादेश र त्यसको प्रमुख जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले लिनुपर्ने सुझाव दिनुभयो ।

## मनसुन थप सक्रिय हुँदै, आगामी हप्ता धेरै ठाउँमा वर्षा हुने

काठमाडौं । कमजोर रहेको मनसुन अबको हप्ता निकै सक्रिय हुने र ठाउँठाउँमा वर्षा गराउने जनाइएको छ ।

जल तथा मौसम विज्ञान विभागका मौसमविद् रोजन लामिछानेले केही ठाउँमा अहिले पनि भारी वर्षा भइरहेको जानकारी गराउँदै आगामी हप्ता थप सक्रिय भएर धेरै ठाउँमा वर्षा हुने जानकारी दिनुभयो । उहाँका अनुसार मङ्गलबारपछि भने केही क्षेत्रमा धेरै भारीसम्म वर्षा हुनेछ ।

उहाँका अनुसार आज राति कोशी प्रदेशका पहाडी र तराई भू-भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

भोलि आइतबार राति कोशी प्रदेशका पहाडी र तराई भू-भागका एक-दुई स्थानमा भारी वर्षा तगा कोशी प्रदेशको तराई र मधेस प्रदेशको थोरै स्थानमा हावाहुरीको पनि सम्भावना रहेको जनाइएको छ । सोही दिन सुदूरपश्चिम प्रदेशका तराई भू-भाग तथा लुम्बिनी प्रदेशका पश्चिम तराई क्षेत्रका थोरै स्थानमा तातो लहरको सम्भावना छ ।

सोमबारदेखि भने वर्षा थप बढ्नेछ । सोमबार देशभर साधारणतया बादल लाग्ने तथा देशका पहाडी र हिमाली भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षा/हिमपातको तथा तराई भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना रहेको जनाइएको छ ।

कोशी प्रदेशका पहाडी र तराई भू-भागका एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ । कोशी प्रदेशको तराई र मधेस प्रदेशको केही स्थानमा हावाहुरीको पनि आउने विभागले जनाएको छ । सोमबार रातिदेखि भने थप सक्रिय भई कोशी प्रदेशका पहाडी र तराईका थोरै स्थानमा भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको छ ।

मधेस प्रदेशको एक-दुई स्थानमा पनि भारी वर्षाको सम्भावना रहेको छ । कोशी प्रदेश, बागमती गण्डकी र लुम्बिनी प्रदेशका तराई र मधेस प्रदेशको केही स्थानमा हावाहुरीको पनि सम्भावना रहेको विभागले जानकारी दिएको छ ।

एकजना मौसमविद् धर्मराज उप्रेतीका अनुसार असार १४ देखि १७ गतेसम्ममा मनसुन थप सक्रिय भई असार १६ देखि १८ गतेसम्ममा भारी वर्षा गराई रोपाईंको वातावरण बनाउने जनाइएको छ । सोमबारपछि भने पश्चिम नेपाल बाँकेदेखि कञ्चनपुरसम्मै वर्ष गराउने उहाँले जानकारी गराउनुभएको छ ।

## ट्राफिक कारबाहीमा १८ लाख ३१ हजार राजस्व

काठमाडौं । बितेका २४ घण्टामा दुई हजार ५१९ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु १९ लाख ३१ हजार ५०२ राजस्व दाखिला भएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादकपदार्थ सेवन गरेको ९२, नियमविपरीत 'राइड सेयरिङ' गरेका १६३, सङ्केत बत्ती उल्लङ्घनकर्ता ९९ र तीव्रगतिमा सवारीसाधन हुइँक्याएका ११५ जनालाई कारबाही गरिएको हो । यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने १०९, निषेधित क्षेत्रमा हर्न बजाउने १००, लागुपदार्थ सेवन गर सवारीसाधन सञ्चालन गर्ने तीन, निर्धारित मापदण्ड



भन्दा बढी धुवाँ फाल्ने सवारीसाधन १९ अन्य सवारी नियम पालना नगरेका एक हजार ८१९ जनालाई कारबाही गरिएको ट्राफिक प्रहरीले जानकारी दिएको छ ।

## सम्पादकीय ....

# सन्दर्भै मध्यम वर्गको

नेपालमा मध्यमवर्ग विस्तारको क्रम अघि बढेको त छ तर निकै सुस्तरी । अर्थशास्त्रीहरू यस्तो अवस्थालाई 'स्ट्यागनेन्ट' भन्ने गर्छन् । सुस्त आर्थिक वृद्धि, न्यून उत्पादकत्व, क्रयशक्तिमा ह्रास, उच्च बेरोजगारी यसका लक्षण हुन् । २०४८ सालमा निर्वाचित सरकारले आर्थिक उदारीकरणको नीति अख्तियार गरेपछि बिस्तारै औद्योगिक संरचना विस्तार भए, निजी क्षेत्रले आफ्नो सम्भावना उपयोग गर्ने अवसर पायो । उदारीकरण नीति अभ्यासको साढे तीन दशकमा अर्थतन्त्रको आकार रु. १०३.४१ अर्बबाट रु. ६१०० अर्बमा पुगेको छ । त्यतिबेला प्रतिव्यक्ति आय १७० अमेरिकी डलर थियो, अहिले १५०० डलर जति पुगेको छ; अर्थतन्त्रमा कृषि हिस्सा ८१ प्रतिशत रहेकोमा अहिले २५ प्रतिशत जति छ । तीन करोडभन्दा माथि लगानी भएका उद्योग चार हजार ९०३ बाट करिब नौ हजार पुगेका छन् । गरिबीको रेखामुनिका जनसङ्ख्या ४९ प्रतिशतबाट २०.२७ मा झरेको छ ।

मध्यमवर्ग कुनै पनि मुलुकको निर्णायक आर्थिक सामाजिक समूह हो । यसको हिस्सा ठुलो हुन्छ । नेपालमा चौथो जीवनस्तर सर्वेक्षणले उपभोगका आधारमा पाँच समूह वर्गीकरण गरे अनुसार अति कम उपभोग समूहमा २०.२७, न्यून उपभोग समूहमा २०, मध्यम उपभोग समूहमा २०, उच्च उपभोग समूहमा २० र अति उच्च उपभोग समूहमा २० प्रतिशत जति जनसङ्ख्या रहेको छ । यस अर्थमा अघिल्लो २०.२७ र पछिल्लो २० प्रतिशत कटाएर करिब ६० प्रतिशत जनसङ्ख्या मध्यमवर्गमा पर्दछ । नेपालको अर्थतन्त्रमा १० प्रतिशतको वर्चस्व रहेको र गरिबीको रेखामुनिका २०.२७ प्रतिशत कटाएपछि करिब ७० प्रतिशत जनसङ्ख्या मध्यमस्तरीय रहनसहनमा छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । यो समूहले आधारभूत वस्तुसेवाको उपभोग गर्छ, राजनीति तथा शासकीय संरचनामा पनि सहभागिता राख्दछ तर सम्पत्ति र आयमा ठुलो पकड राख्दैन । यसैको मागका आधारमा अर्थतन्त्रले वस्तु सेवाको उत्पादन आपूर्ति गर्दछ तर उच्च मूल्य तथा ब्रान्डेड वस्तु उपभोग गर्न सक्दैन । त्यसैले मध्यमवर्गको आय विस्तारले अर्थतन्त्रलाई चलायमन बनाउन सकिन्छ । यो वर्गको उत्साह, उद्यमशीलता, क्रियाशीलता र उपभोगमा कमी हुँदा अर्थतन्त्र खुम्चिन्छ । यही कारणले बजेट कार्यक्रममा मध्यमवर्गको विस्तार गर्ने विषयले महत्व पाएको हो ।

मध्यमवर्ग विस्तार गर्नु भनेको यो वर्गको उपभोग गर्ने वस्तुसेवा उत्पादन गर्नु, यही वर्गलाई उत्पादन र उद्यममा आबद्ध गर्नु, घरपरिवार तहदेखि आर्थिक संरचना खडा गर्नु हो । घरपरिवार (हाउसहोल्ड) तह नै अर्थतन्त्रको मेरुदण्ड हो, घरपरिवारको खर्च वा बचतले प्रभावकारी माग सिर्जना गरी फर्म, व्यवसाय, सरकारी कोष, बैङ्क तथा वित्तीय क्षेत्र र आयातनिर्यातलाई आकार दिन्छ । यस तहमा मध्यमवर्गको हिस्सा सर्वाधिक रहेको अघि नै उल्लेख गरियो । श्रम बजारको सीमितताका कारण ठुलो जनशक्ति सामान्य जीवनयापनका लागि मातृभूमिबाट बाहिरिएको छ । श्रम र सम्भावना बाहिरिनुले स्थानीय सम्भावना उपयोग गर्ने सामर्थ्य साँघुरिँदै गएको छ । राजनीतिक अस्थिरताका कारण सृजिएको नीति अन्योल, कमजोर सुशासन र कमजोर कूटनीतिक क्षमताले लगानी र आन्तरिक उत्पादन अपेक्षित छैन ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# दुर्लभ चरा खोज्दै र चिनाउँदै संरक्षणकर्मी

चन्द्रकला भण्डारी

जङ्गलको बाटो, काँधमा क्यामरा अनि आँखामा चरा खोज्ने सपना बोकेर मेचीनगर-६ काँकडभिट्टाका देवेन्द्र खरेल एक दशकदेखि दौडधुप गरिरहनुभएको छ । पेसा र सोखले फोटोग्राफर खरेल आज नेपालकै वन्यजन्तु संरक्षण र चरा अनुसन्धानमा इतिहास ब्युँताउने नाम बन्नुभएको छ ।

नेपालमा डेढ सय वर्षदेखि नदेखिएको दुर्लभ चरा 'हङरायो' र नेपालकै इतिहासमा पहिलोपटक 'हरित परेवा' पत्ता लगाएर विश्वभर सनसनी मच्चाउने खरेल हाल मेची चरा तथा वन्यजन्तु संरक्षण समाजको अध्यक्ष हुनुहुन्छ । उहाँले नै 'बैजनी ढाँडे बुङ्गे' चरा नेपालमा पहिलोपल्ट फेला पार्नुभएको अभिलेखीकरण भएको छ ।

विसं २०७८ पुसको जाडोमा इलामको सूर्योदय नगरपालिका-१ स्थित थुम्के भन्ने ठाउँमा चरा खोज्न हिँडिरहेका बेला खरेलको नजर आकाशमा ठूला प्वाँख फिजाएर उडिरहेका एक जोडी अनौठा चरामा पऱ्यो । संयोगले ती चरा नजिकैको रुखमा बसेपछि उहाँले केही तस्बिर र भिडियो खिच्नुभयो । त्यही चराको फोटोले उहाँलाई संसारभर चिनायो । ती चराहरु दुर्लभ प्रजातिको एक जोडी 'हङरायो' थिए ।

"फोटो खिचिसकेपछि यो खबर म कसलाई सुनाउँ, कुन मिडियालाई भनुँ, कि के गरुँ जस्तो भएको थियो", अनौठो चरा भेट्दाको खुसी साट्दै उहाँ भन्नुहुन्छ, "मेरो भाग्य, ती चरा रुखमै बसे । उडेर टाढा गइदिएका थिए भने मैले फोटो खिच्न पाउने थिइन । मैले फटाफट फोटो खिचेँ । त्यो मेरो जीवनकै सबैभन्दा अविस्मरणीय क्षण हो ।"

प्रधानमन्त्री भीमसेन थापाको पालातिर ब्रिटिस खोजकर्ता ब्रायन हड्सनले नेपालमा विश्वमै पहिलोपल्ट 'हङरायो' चरा भेटिएको प्रमाण पेस गर्नुभएको थियो । डेढ सय वर्षपछि खरेलले यो चरा नेपालमा जीवितै रहेको प्रमाण दिनुभयो । त्यसअघि खोजकर्ताहरुले 'हङरायो' नेपालबाट लोप भइसकेको औपचारिक प्रतिवेदन नै दिइसकेका थिए ।

सुरुका दिनमा दृश्य, फूल र पुतलीको तस्बिर खिच्ने खरेलको ध्यान विस्तारै चराचुरुङ्गीतर्फ सोझियो । भारतकी प्रख्यात वाइल्डलाइफ फोटोग्राफर राथिका रामास्वामी र जीवविज्ञानका लेखक कमल मादेनका कामहरूले उहाँको मनमा चरा खोज्ने भोक जगाइदियो । यही भोकले उहाँलाई नेपालको चरा इतिहासमै एउटा सुनौलो पाना थप्ने ठाउँसम्म पुर्यायो ।

नेपालको ८८७ औँ चराको रूपमा 'हरित परेवा'लाई मानिन्छ । यो चरा २०७७ मङ्सिर ९ गते मेचीनगर नगरपालिका-७ मा खरेलले नै फेला पार्नुभएको थियो ।

घरेलु परेवाभन्दा १० सेन्टिमिटर लामो र दुवै पखेटामा चम्किलो हरियो रङ हुने सो प्रजातिको परेवा ढुकुरभन्दा दोब्बर र घरेलु परेवाभन्दा निकै ठूलो आकारको हुन्छ । यो परेवा नेपालमा पाइन्छ भनेर खरेलले नै पत्ता लगाउनु भएको हो । २०८१ फागुन ७ गते उहाँले मेचीनगरकै काँकडभिट्टामा 'बैजनी ढाँडे बुङ्गे' चराको तस्बिर र भिडियो खिच्नुभएको थियो । उक्त चरा नेपालमा पहिलोपल्ट फेला भेटिएपछि नेपालमा पाइने चराको सूचीमा एउटा चरा थपिएको थियो ।

मेचीनगरको बाहुनडाँगीमा 'बगर बट्टाई' र इलामको रोङस्थित कुटीडाँडामा 'रातो ढाँडे पुष्पकोकिल' लगायतका दर्जनौं दुर्लभ मानिएका चराको खोज गरेर उहाँले नेपाललाई चराको स्वर्गको रुपमा चिनाउन योगदान दिनुभएको छ । उहाँले अति दुर्लभ मानिएको पेट कैले कोइली, कालो टाउके बगेडी र संसारकै सबैभन्दा तीव्र गतिमा उड्ने शाहीबाज नामक चरा समेत मेचीनगरमै फेला पारेर तस्बिर सार्वजनिक गर्नुभएको छ ।

भौगोलिक रूपमा नेपाल सानो भए पनि चराको विविधतामा विश्वकै २६ औँ स्थानमा पर्छ । हाल नेपालमा ९०३ प्रजातिका चरा रेकर्ड भइसकेका छन् । त्यसमा पनि मेचीनगर क्षेत्र चराहरूको 'हटस्पट' रहेको उहाँ बताउनुहुन्छ । उहाँकै पहलमा मेचीनगरमा मात्रै ३६१ भन्दा बढी प्रजातिका चरा भेटिइसकेका छन् ।

मेचीनगर-५ मा हालै उहाँले लामो पुच्छर भएको स्वर्गचरीको बच्चा हुर्काइरहेको जोडी नै फेला पार्नुभएको छ । नगरपालिका, बैंकलगायतका सरकारी तथा गैरसरकारी निकायले उहाँले खिचेका सुन्दर एवं दुर्लभ चराहरुको तस्बिरलाई आफ्नो कार्यालयको अतिथि गृहमा सजाएर र स्मारिकाहरुमा प्रकाशन गरेर सम्मान दर्साउने गरेका छन् ।

नेपालमा चरा संरक्षणको अवस्था निकै दयनीय रहेकोमा खरेल चिन्ता व्यक्त गर्नुहुन्छ । "हाम्रो देशमा चरा पनि जोगाउनुपर्छ र ? भन्ने चेतना छ", उहाँ भन्नुहुन्छ- "कोशी टप्पुभन्दा पूर्व एउटा पनि वन्यजन्तु आरक्ष नहुनु र देशैभरि जम्मा दुईवटा घोडाघोडी र जगदीसपुर ताल मात्र 'चरा संरक्षित क्षेत्र' हुनुले चरा संरक्षणतर्फ राज्यको उदासिनता प्रष्ट हुन्छ ।"

मेची नदीपारि भारततर्फ भने आसामसम्म पुग्दा १२ भन्दा बढी वन्यजन्तु संरक्षित क्षेत्रहरु रहेको उहाँले बताउनुभयो । मेचीनगर, रोङ र सूर्योदय क्षेत्रलाई समेटेर 'चरा संरक्षित क्षेत्र' घोषणा हुनुपर्ने उहाँको धारणा छ ।

यस क्षेत्रमा चरा देखाएर पर्यटक आकर्षण गर्न सकिने उहाँको भनाइ रहेको छ । नेपालमा अहिलेसम्म चरा पर्यटनको सम्भावनालाई सरकारले अध्ययन नगरेको गुनासो गर्दै उहाँले नेपालको हावापानी, भूगोल र प्राकृतिक सौन्दर्यसँगै चरा हेर्न समेत विदेशबाट पर्यटक भित्र्याउन सकिने बताउनुभयो । उहाँ भन्नुहुन्छ, "तर यसका लागि राज्यले चरा संरक्षित क्षेत्रहरु घोषणा गर्नुपर्छ र प्रचारप्रसारलाई व्यापक बनाउनुपर्छ ।"

चरा रमाइलोका लागि मात्र होइन, मानव अस्तित्वका लागि अनिवार्य रहेको खरेल बताउनुहुन्छ । हाम्रो साहित्य, संस्कृति र सङ्गीत चराकै चिरविरबाट सुरु हुने जनाउँदै उहाँले चरा बिनाको धरती निरस र बस्न अयोग्य हुने बताउनुभयो । किंवदन्ती, उखान, गीत, लोकभाका र श्रुतिहरुमा चरा बाँचेको उहाँ बताउनुहुन्छ ।

उहाँ चराहरुलाई धरती हराभरा बनाउने 'अदृश्य माली' भन्न रुचाउनुहुन्छ । "चराले बोलेको, गाएको, नाचेको भावलाई लिएर गीत र साहित्य रचना भएका छन्", उहाँ भन्नुहुन्छ, "बिहानलाई बुझाउन कथा लेख्नुपर्यो भने चरा चिरविर गरेको भन्ने गरिन्छ ।

चित्रकारले हिमाल मास्तिर चरा उड्दै देखाउँछ । चराले फलफूल खाएर बिस्कटयाउँदा होस् या चुच्चोमा टिपेर फलफूल अर्को ठाउँमा पुऱ्याउँदा झुक्किएर झरेका बीजबाट वनजङ्गल फैलिएको कुरा बास्तविक हो ।"

चराको चोरी शिकारी रोक्न र यसको बासस्थानको संरक्षण मात्रै गर्न सक्दा ठूलो उपलब्धि हुने उहाँ बताउनुहुन्छ ।

ग्याटिसजस्ता साधन प्रयोग गरेर चरा मार्ने र चरालाई आतङ्कित तुल्याउने कार्यलाई निरुत्साहित गर्न विद्यालय तहमै चरा संरक्षणको ज्ञान दिनुपर्ने उहाँको धारणा छ । चरामार्फत विश्वभर नेपालको नाम चम्काउने खरेलको पर्दा पछाडिको ब्यथा भने निकै मार्मिक छ ।

राज्य र समाजको उदासिनताका कारण चरा खोज्दाखोज्दै उहाँले आफ्नो निजी सम्पत्ति धेरै खर्च गरिसक्नुभएको छ । चरा जोगाउने कुरा गर्दा मानिसहरू हाँस्ने गरेको तीतो अनुभव उहाँसँग छ । आफूसँग चराको तस्बिर र भिडियो खिच्ने अत्याधुनिक क्यामरा र लेन्सको अभावका कारण थुप्रै दुर्लभ तस्बिर र भिडियो कैद गर्न नपाएको उहाँको गुनासो छ ।

यही क्षेत्रमा काम गर्ने क्रममा उहाँले सामाजिक पहिचान र सम्मानसमेत पाउँदै आउनुभएको छ । चरा तथा वन्यजन्तुको खोज, अनुसन्धान र संरक्षणमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै सुसेली साहित्यिक परिवारले उहाँलाई गत वर्ष डा मुकेशकुमार जनककुमारी चालिसे विज्ञान पुरस्कारबाट सम्मानित गरेको छ भने लाल भागिरथा बानियाँ प्रतिष्ठानले राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गरेको छ । कोशी प्रदेश सरकार र पर्यटन कार्यालय काँकडभिट्टाले उहाँलाई पूर्वी पहाडी जिल्लाहरु इलाम, पाँचथर र ताप्लेजुङ जिल्लामा रहेका चराहरुको खोजी गर्नका लागि सहयोग लिने गरेको छ ।

चराको खोजीका लागि उहाँ नेपालको विभिन्न जिल्ला र भारतको केही प्रान्तहरुमा पुग्नुभएको छ । विदेशबाट नेपालका चरा हेर्न आउने पर्यटक र अनुसन्धाताहरुलाई उहाँले 'गाइड'को रुपमा झापा, इलामलगायत देशका विभिन्न जिल्लामा घुमाउने गर्नु भएको छ ।

चरा संरक्षणका लागि तीनै तहका सरकारले बजेटको व्यवस्था नगरेकोमा उहाँको गुनासो छ । पर्यटकीय पूर्वाधारको नाममा बन क्षेत्रमा कङ्क्रिटका ठूला संरचना बनाउने र कर्कश आवाज निकाल्ने 'साउन्ड सिस्टम' प्रयोग गरिदा चराको बासस्थान र विचरणमा नकारात्मक असर परेको उहाँको भनाइ छ । पछिल्ला दिनमा उहाँले नयाँ पुस्तालाई चरा चिनाउने र संरक्षणको चेतना जागृत गर्ने अभियान सञ्चालन गरिरहनु भएको छ ।

विद्यालयमा गएर चरा संरक्षणको विषयमा पढाउनेदेखि सिमसार र जङ्गलहरुमा पुगेर समुदायलाई चरा चिनाउने प्रशंसनीय कार्य उहाँको नेतृत्वमा भइरहेको छ ।

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# पनौतीमा आजदेखि हिले-जात्रा (ज्याःपुन्ही)

काभ्रेपलाञ्चोक । काभ्रेपलाञ्चोकको ऐतिहासिक नगर पनौतीमा एक हजार ४२२ वर्षदेखि मनाइँदै आइएको हिले-जात्रा शनिबारदेखि सुरु भएको छ । जात्राको परम्पराअनुसार आज साँझ पुण्यमाता खोलामा नागको प्रतीकका रूपमा दुईवटा बाँस तेर्स्याइने र देवगण (दुइचा न्याकेगू)हरू सुस्तरी तरेपछि विशेष जात्रा सुरु भएको मानिन्छ ।

जात्रा सुरु गरिएकै दिन आजै राति अबेर भद्रकालीको रथ तानिन्छ भने रातभरि गैंडु पूजा (होम गर्ने) पनौती जात्रा मूल व्यवस्थापन समितिले जनाएको छ ।

समितिका अनुसार जात्रा मनाउने क्रममा चतुर्दशीका दिन (दोस्रो दिन) पनौती नगरका सम्पूर्ण देवीदेवताका मठमन्दिरमा धुमधामहित पूजाअर्चना गरिन्छ । साथै, इन्द्रेश्वर महादेव मन्दिरको पूर्वमा अवस्थित महेश्वर गणेशको मूर्तिलाई खटमा राखी अबिरजात्रा गरी नगर परिक्रमा गराइनाका साथै साँझै भद्रकालीको रथ तान्ने र चक्र पूजा गरिँदैछ ।

यस्तै, जात्राको तेस्रो अर्थात् पूर्णिमाको दिन सबेरै बजारमा भद्रकाली, महादेव र इन्द्रेश्वरका तीनवटा रथको भागदौड गराउने र रथ भेटिँदा यौनिकता प्रदर्शन गराई (यौन क्रियाकलाप झल्किने क्रिया) रथलाई एकापसमा जुधाउने काम हुन्छ । जात्राको किंवदन्तीअनुसार पूर्णिमाको दिन भद्रकालीले ६४ योगिनीको एउटै रूपधारण गरी कामोत्तेजक भई महादेवलाई लखेट्छिन् । महादेव भने त्रिवेणीमा हामफाली लुक्छन् तर त्यहाँ पनि भद्रकालीले नछाडेपछि महादेवले उन्मत्त भैरवको रूपधारण गरी भद्रकालीलाई भगाउँछन् ।

सोही क्रममा भाग्ने र पिछा गर्ने कार्यका रूपमा अबिरजात्रा गरी रथ जुधाइने गरिन्छ । लखेट्दै गएर भैरवले चौतर्फी घेराबाट भद्रकालीलाई बीचमा पारेपछि पछाडिबाट ठक्कर दिन्छन् भने अगाडिबाट आएका इन्द्रेश्वर महादेवले पनि अगाडिबाटै धकेल्छन् । धार्मिक आधारमा रथ जुधाउने परम्परालाई यौनिकता प्रस्तुतिका रूपमा लिइने गरिन्छ ।

रथ जुधाउँदा जोस झनै बढ्ने भएकाले युवायुवती रथ जुधाउन तँछाडमछाड गर्ने गरेको पाइन्छ । इन्द्रेश्वर मन्दिरका पुजारी रमेश जङ्गमका अनुसार रथ जुधाइमा कामोत्तेजक कार्य प्रदर्शन गर्नुपर्ने भएकाले पहिलेपहिले झिसमिसे अगावै रथ जुधाइने गरिएको थियो ।

विशेषतः काम-क्रिडासँग सरोकार राख्ने जात्रा भएकाले मध्यरातदेखि झिसमिसेको बीचमा समापन गर्नुपर्ने मान्यता रहिआएको थियो तर, पछिल्ला केही वर्षदेखि देवतारूपी रथलाई ठूलो सहभागितामा दिउँसो जुधाउने गरिएको छ ।

जात्राको परम्पराअनुसार विशेष पूजामा सामग्री, सुकुण्डा बोकेर कर्माचार्य (आचाजू)हरू सुस्तरी हिँड्नुपर्छ । यो परम्परालाई नेवारी भाषामा न्ह्यायकेगू भन्ने भनिन्छ । कर्माचार्य खोलापारि गोरखनाथ पुगेपछि नाग आसनबाट उठ्ने भएकाले ती नागराजाको कृपाले पानी र रोपाइँ सफल हुने जनविश्वास गरिन्छ ।

त्रयोदशीदेखि पूर्णिमाको रात रहन्जेल मनाइने हिलेजात्रा सकिएको भोलिपल्टैदेखि खेतको काम थाल्ने यहाँको प्रचलन रहिआएको छ । जात्रा सकेर खेतमा रोपाइँ सुरु गर्ने परम्परा पहिल्यैदेखि चलिआएकाले यसलाई हिलेजात्रा अर्थात् नेवारी भाषामा ज्याःपुन्हीसमेत भनिएको स्थानीय बताउँछन् । जात्रा सकिएको दिन र चार दिनदेखि पनौतीमा हावाहुरी चल्छ, अनि वर्षा सुरु हुने मान्यता छ ।

जात्रामा चिउली र केरा खाएर घुम किन्नुपर्ने मान्यता पनि छ । स्थानीयले जात्रा अवधिभर प्रत्येक घरमा बलि दिने प्रथा अझै कायम राखी आफ्ना पाहुना बोलाई स्वागत सत्कारका साथ भोज गर्छन् । तीन दिनसम्म मनाइने यो जात्रालाई स्थानीय पर्वमध्येको निकै ठूलो जात्राका रूपमा लिने गरिएकाले पनौती नगरपालिकाले सोमबार सार्वजनिक बिदा दिएको छ ।

# आफैंले चलाएको जिप दुर्घटनामा स्वर्गद्वारी नगर उपप्रमुखको मृत्यु

प्युठान । प्युठानको स्वर्गद्वारी नगरपालिकाका उपप्रमुख मीनराज राना मगरको आफैंले चलाएको जिप दुर्घटनामा परी निधन भएको छ ।

स्वर्गद्वारी नगरपालिका वडा नं २ बाङ्गेसल्लामा जिप सडकबाट छ सय मिटर तल खस्दा ५० वर्षीय राना मगरको घटनास्थलमै मृत्यु भएको हो ।

योजना अनुगमनका क्रममा एक्लै गाडी चलाएर हिँडेका उपप्रमुख रानाको गाडीले च्यापिएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

१३ असार, बुटवल । आफैंले चलाएको जिप दुर्घटना हुँदा प्युठानको स्वर्गद्वारी नगरपालिकाका उमप्रमुख मीनराज राना मगरको मृत्यु भएको छ ।

स्वर्गद्वारीबाट धनवाङतर्फ जाँदै गरेको लु प्र ०१-००१ झ ०००८ नम्बरको नगरपालिकाको नाममा रहेको बोलेरो पिकअप जिप स्वर्गद्वारी नगरपालिका वडा नं २ बाङ्गेसल्लामा दुर्घटना हुँदा ५० वर्षीय राना मगरको मृत्यु भएको हो । शनिबार साँझ पौने ५ बजेतिर उपप्रमुख राना आफैंले चलाएको जिप सडकदेखि करिब ६ सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिपमा उनी एक्लै सवार रहेको प्रहरीले जनाएको छ ।

उनी नगरपालिकाको योजना अनुगमन गर्न गएका थिए । दुर्घटनामा पर्नु अघि नगरपालिलाका कर्मचारी सँगै अनुगमनमा निस्किएका उनी कर्मचारीलाई छाडेर पुनः अर्को योजना अनुगमन गरी घर जाने गरी एक्लै गाडीमा सवार रहेको स्वर्गद्वारी नगरपालिकाका वडाध्यक्ष गिरबहादुर गुरुङले बताए ।

गुरुङका अनुसार उनको गाडीले च्यापिएर घटनास्थलमै मृत्यु भएको थियो । जंगलमा पशुचौपाया चराउन आएका गोठालाले देखेपछि दुर्घटनाबारे प्रहरीलाई जानकारी गराएका थिए ।

प्रहरीले उनलाई अचेत र गाडीले च्यापिएको अवस्थामा घटनास्थलबाट निकालेका थिए । दुर्घटनाको कारण खुल्न नसकेको प्रहरीले जनाएको छ । मृतक राना राष्ट्रिय जनमोर्चाबाट निर्वाचित भएका थिए ।

# पेस्तोल र गोलीसहित दुई युवक पक्राउ

जनकपुरधाम । प्रहरीले धनुषाको जनकपुर धाम उपमहानगरपालिका-९ थापा चौकस्थित एक होटलबाट दुई जनालाई पेस्तोल र गोलीसहित पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले पेस्तोल र गोलीसहित धनुषाको मुखियापट्टि मुसहनियाँ गाउँपालिका-४ निवासी २० वर्षीय अमन यादव र धनुषाकै हंसपुर नगरपालिका-६ सोनीगामा निवासी १८ वर्षीय सुधिर मुखियालाई पक्राउ गरेको हो ।

होटलमा शनिबार दिउँसो खाना खान आएका दुई जना युवकसँग हतियार रहेको गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले हतियारसहित दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका निमित्त प्रवक्ता प्रहरी निरीक्षक मनोज यादवले जानकारी दिनुभयो ।

पक्राउ परेका दुवै जनाका साथबाट एक थान पेस्तोल, त्यसको एउटा म्यागजिन, ९ एमएम केएफ लेखिएको एउटा गोली र ७.६५ एमएम केएफ लेखिएका तीन वटा गोली बरामद भएको प्रहरी निरीक्षक यादवले बताउनुभयो । पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सिरुटार र बालकोटलाई गरियो बालमैत्री स्थानीय शासनयुक्त घोषणा

भक्तपुर । सूर्यविनायक नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा अभियानअन्तर्गत शनिबार सूर्यविनायक नगरपालिका-१ सिरुटार र वडा नं २ बालकोटलाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गरिएको छ ।

शनिबार सूर्यविनायक नगर पालिकाका प्रमुख वासुदेव थापाले सूर्यविनायक नगरपालिका-१ सिरुटारलाई र वडा नं २ बालकोटलाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी प्रमाणपत्र प्रदान गर्नुभएको हो ।

सरकारले तयार पारेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले तय गरेको ५१ सूचक पूरा गरेसँगै नगरपालिकाले यहाँका प्रत्येक वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अभियान सञ्चालन गरिरहेको नगर प्रमुख थापाले बताउनुभयो ।

यही असार १७ गतेसम्ममा नगरपालिकाको १० वटै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अभियान पूरा गर्ने बताउँदै उहाँले नगरपालिकाले प्रत्येक वडामा बाल सञ्जाल गठन गरी ५१ वटा सूचक पूरा गर्न सफल भएको बताउनुभयो । वडा नं १ का वडाध्यक्ष रवीन्द्र सापकोटाले आज वडा नं १ सिरुटारलाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गरेको बताउँदै बालबालिकाको विभिन्न प्रस्तुतिहरू समेत सम्पन्न भएको बताउनुभयो । घोषणा गर्नका लागि पूरा गर्नुपर्ने सूचकहरूमध्ये बालविवाह, बालश्रम, हिंसा पूर्ण रूपमा निषेधित हुनुपर्ने, सबै बालबालिकाको जन्मदर्ता, विद्यालय भर्ना र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित हुनुपर्ने प्रावधान सबै वडाले पूरा गरेको उहाँले बताउनुभयो ।

बाल बचाउ शीर्षकमा पूरा गर्नुपर्ने १४ वटा सूचक जस्तै गर्भवतीले सातपटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने, टिटानस विरुद्धको खोप र आइरन चक्की खाएको हुनुपर्ने, दक्ष स्वास्थ्यकर्मीबाट सुरक्षित सुत्केरी गराएको हुनुपर्ने, बालबालिकालाई पूर्ण खाप लगाएको हुनुपर्नेजस्ता सूचक पूरा गरेको उहाँले बताउनुभयो ।

वडा नं २ का घोषणा कार्यक्रममा वडा नं २ का वडाध्यक्ष प्रदीप कार्कीले बाल संरक्षणका १० वटा सूचक बालविवाह पूर्ण रूपमा निषेध हुनुपर्ने, बालश्रममुक्त वडा हुनुपर्ने, बालबालिकाविरुद्ध हुने शारीरिक, मानसिक वा यौनजन्य हिंसा र दुर्व्यवहार पूर्ण रूपमा रोकिएको हुनुपर्ने, सडक बालबालिका वा बेवारिसे अवस्थामा रहेका बालबालिकाको संरक्षण र पुनःस्थापना भएको हुनुपर्ने व्यवस्था पूरा गरेको बताउनुभयो ।

बाल विकासका बारेमा ६ वटा सूचक जन्मिएका सबै बालबालिकाको जन्मदर्ता हुनुपर्ने, विद्यालय जाने उमेरका सबै बालबालिको विद्यालय भर्ना हुनुपर्ने, विद्यालय र समुदायमा बालमैत्री तथा लैङ्गिक मैत्री (छात्राका लागि छुट्टै) शौचालय र स्वच्छ खानेपानीको व्यवस्था हुनुपर्ने, टोल, विद्यालय र वडा स्तरमा बाल क्लब तथा बाल सञ्जालहरू गठन भई सक्रिय हुनुपर्ने स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता हुनुपर्ने व्यवस्था सबै वडाले पूरा गरेको उहाँले बताउनुभयो ।

कार्यक्रममा नगरपालिकाका उपप्रमुख सरिता तिम्सिना भट्टराईले बालबालिकाका क्षेत्रमा लक्षित बजेटको व्यवस्था गरेको, सबै कार्यालय बालमैत्री र अपाङ्गतामैत्री बनाएको, विपद् व्यवस्थापन योजनामा बालबालिकाको सुरक्षा र आवश्यकतालाई प्राथमिकता दिइएको बजेटको व्यवस्था गरेको बताउनुभयो ।

कार्यक्रममा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा अभियानमा सहयोग पुर्याउने वडा बाल सञ्जाल नगर बाल सञ्जाल, विद्यालयहरू, स्वास्थ संस्था स्वयंसेविकाहरू, खानेपानी समिति, रेडक्रस, सहकारी संस्थाहरू, सांस्कृतिक समूहलाई कार्यक्रममा कदरपत्र प्रदान गरिएको थियो ।

सूचकहरूमध्ये अधिकांशमा ९५ देखि १०० प्रतिशतसम्मको प्रगति हासिल गरेकाले सूर्यविनायकका १० वटा वडालाई औपचारिक रूपमा 'बालमैत्री स्थानीय शासन युक्त वडा' घोषणा गरेको हो । सूर्यविनायक नगरपालिकाले विगत वर्षदेखि हालसम्म प्रत्येक वडालाई १० लाखका दरले एक करोड र नगरपालिका रु ७० लाख गरी कुल एक करोड ७० लाख बजेटको व्यवस्था गरी घोषणा अभियान सुरु गरेको हो ।

# थारूको भलमन्सा-बडघर परम्परालाई कानुनी मान्यता

दोधारा चाँदनी । कञ्चनपुरको भीमदत्त नगरपालिकाले थारू जातिको परम्परागत नेतृत्व प्रणाली भलमन्सा-बडघर प्रथालाई कानुनी मान्यता प्रदान गरेको छ । नगरपालिकाले आज १९औं नगरसभाबाट 'भलमन्सा तथा बडघर सञ्चालनसम्बन्धी कार्यविधि, २०८३' पारित गरेपछि थारू समुदायमा पुस्तौंदेखि चलिआएको परम्परागत नेतृत्व प्रणालीले कानुनी कैसियत प्राप्त गरेको हो ।

भीमदत्त नगरपालिकाका नगरप्रमुख पदम बोगटीका अनुसार कार्यविधि पारित भएसँगै भलमन्सा-बडघर प्रणालीलाई संरक्षण, प्रवर्द्धन र व्यवस्थित सञ्चालन गर्न कानुनी आधार तयार भएको छ ।

राना थारू समुदायको स्थानीय संस्कृति, परम्परा र सामाजिक व्यवस्थापनको अभ्यासलाई सम्मान गर्दै नगरपालिकाले ऐतिहासिक निर्णय गरेको नगर प्रमुख बोगटीले जानकारी दिनुभयो ।

थारू समुदायले लामो समयदेखि उठाउँदै आएको मागलाई नगरपालिकाले सम्बोधन गरेको बताउनुभयो । "थारू समुदायको पहिचान, संस्कृति र परम्परागत बडघर-भलमन्साको चलनको संरक्षणका लागि यो एकदमै स्वागतयोग्य निर्णय हो," चौधरीले भन्नुभयो, "लामो समयदेखि हामीले उठाउँदै आएको मागलाई नगरपालिकाले सम्बोधन गरेको छ ।" थारू समुदायका अगुवा वेद चौधरीले नगर-पालिकाको उक्त निर्णयको स्वागत गर्दै कार्यविधि कार्यान्वयनसँगै थारू समुदायको मौलिक परम्परा संरक्षण भएको बताउनुभयो । कञ्चनपुरका केही पालिकाहरूमा यो कार्यविधि लागू भइसकेको अवस्था थियो अहिले भीमदत्त नगरपालिकाले पनि कानुनी मान्यता दिएको छ ।" उहाँले भन्नुभयो, "स्थानीय सरकारबाट कानुनी मान्यता पाएपछि अब बडघर-भलमन्सासम्बन्धी कार्यसम्पादन गर्न थप सहज हुन्छ ।" कार्यविधिले बडघर तथा भलमन्साको छनोट, अधिकार, जिम्मेवारी, आचारसंहिता तथा सञ्चालन प्रक्रियालाई व्यवस्थित गर्ने अपेक्षा गरिएको छ । परम्परागत नेतृत्व प्रणालीलाई स्थानीय शासनसँग जोड्दै सामाजिक सद्भाव र विकासमा थप योगदान पुग्ने विश्वास गरिएको छ ।

# पछिल्लो २४ घण्टामा सर्पदंशबाट एक जनाको मृत्यु, १० घाइते

काठमाडौँ । पछिल्लो २४ घण्टामा भएका विभिन्न घटनामा एक जनाको मृत्यु भएको छभने १३ जना घाइते भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार २४ घण्टामा २५ वटा विपद्का घटना भएको छ ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार बारामा खेल्दै गरेका बालकलाई सर्पले डस्दा उनको मृत्यु भएको छ । उहाँले २५ वटा घटनामा झण्डै आधा १२ वटा घटना सर्पदंशका रहेको जानकारी दिनुभयो ।

उहाँका अनुसार सङ्खुवासभा, बारा, नवलपरासीपूर्व, कपिलवस्तु, कैलाली, कञ्चनपुरमा सर्पदंशका घटना भएको र ती घटनामा परेर १० जना घाइते भएका छन् ।

यस्तै, पहिरोले बझाङमा एक, जनावरको आक्रमणबाट दोलखामा एक, आगलागीबाट कास्कीमा एक जना घाइते भएका पनि उहाँले बताउनुभयो ।

अहिलेको पछिल्लो समय भइरहेका ती विपद्जन्य घटनाबाट कुल दुई लाख ७७ हजारको आर्थिक क्षति भएको प्राधिकरणले जानकारी दिएको छ । ती घटनामा परेर २२



वटा पशु चौपाया क्षति भएको जनाइएको छ ।

# निःशुल्क स्वास्थ्य शिविर, ३५५ जनाले लिए सेवा

वीरगञ्ज । आर्थिक अभावका कारण गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित सर्वसाधारणलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शनिबार निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको छ । 'श्री गहवामाई तीर्थ क्षेत्र विकास समिति' ले माईस्थान मन्दिर परिसरमा आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरबाट ३५५ जना सर्वसाधारण लाभान्वित भएको समितिका अध्यक्ष श्याम पोखरेलले जानकारी दिनुभयो ।

शिविरमा आँखा, दाँत, हाडजोर्नी तथा कान रोगसम्बन्धी परीक्षण एवं परामर्शका साथै मधुमेह र थाइराइडसम्बन्धी स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरिएको थियो अध्यक्ष पोखरेलले बताउनुभयो । उहाँले प्रत्येक वर्ष सञ्चालन हुँदै आएको निःशुल्क स्वास्थ्य शिविर यस वर्ष पनि असार ३२ गते आयोजना हुने 'गहवामाई रथयात्रा' को अवसर पारेर सञ्चालन गरिएको पनि जानकारी दिनुभयो ।

## वैदेशिक रोजगारीको नाममा ठगी गरेको अभियोगमा पक्राउ

काठमाडौँ । आकर्षक वैदेशिक रोजगारीको प्रलोभन देखाएर ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार प्रहरीले बाराका गगनबहादुर स्याङ्तान, सर्लाहीका निर्जल बस्नेत र दाङका बलबहादुर चन्द ठकुरीलाई पक्राउ गरेको छ ।

पक्राउ परेकामध्ये गगन बहादुरले माल्दिभ्स पठाइदिन्छु भन्दै चार जनाबाट रु चार लाख ३० हजार, निर्जलले मलेसिया पठाइदिन्छु भन्दै एकजनाबाट रु तीन लाख ९० हजार र बल बहादुरले क्रोएसिया पठाइदिन्छु भन्दै एक जनाबाट रु एक लाख लिई सम्पर्कविहीन भएको पाइएको छ ।

पीडितको उजुरीका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरी टोलीले काठमाडौँ र ललितपुरबाट उनीहरूलाई पक्राउ गरेको हो । पक्राउमध्ये गगन बहादुरलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको छ भने निर्जल र बल बहादुरलाई वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको छ ।

बैङ्किङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

बैङ्किङ कसुर मुद्दाका फरार प्रतिवादी इलाम देउमाई नगरपालिका-२ का कृष्णकुमार राईलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला अदालत इलामबाट उक्त मुद्दामा पक्राउ अनुमति प्राप्त भई फरार रहेका उनलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौँ-१४ बल्खुबाट पक्राउ गरेको हो । उहाँलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय इलाम पठाइएको छ ।

## दरवाङमा सडक कालोपत्र गर्न थालियो

दरवाङ । म्याग्दीको मालिका गाउँपालिका-६ दरवाङ बजारको सडक कालोपत्र गर्न थालिएको छ । सङ्घीय सरकारको समपुरक योजनामार्फत मालिका गाउँपालिकाको केन्द्रसमेत रहेको दरवाङ बजारको सडक कालोपत्र गरेर पक्की बनाउन लागिएको हो ।

रु एक करोड ६६ लाख ४९ हजार ७३२ लागत अनुमान गरिएको योजना निर्माणका लागि ठेक्का प्रतिस्पर्धाका क्रममा रु एक करोड २६ लाख ८२ हजार ८८८ कबोलेको सापकोटा बिल्डर्ससँग २०८२ माघ ३० गते ठेक्का सम्झौता भएको थियो ।

सडक फराकिलो पार्ने, नाली, पर्खाल निर्माण, ग्राभेल, बेस र सबबेस राखेर शुक्रबारदेखि बिटुमीन बिछ्याउन थालिएको मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले बताउनुभयो । उहाँका अनुसार यस योजनामार्फत दरवाङको तल्लो उल्लो बजार क्षेत्रमा एक किलोमिटर ४०० मिटर कालोपत्र गरिने भएको छ । सडक विस्तार र कालोपत्र भएपछि सवारीसाधन आवतजावत सहज हुने स्थानीयवासीको अपेक्षा छ ।

तीव्र रूपमा बस्ती विकास भएको दरवाङ बजारको भित्रि सडक साँघुरा हुँदा सवारीसाधन आवतजावत असहज हुनुका साथै दुर्घटनाको जोखिम छ । ३०० बढी घर रहेको दरवाङ बजारको जनप्रिय मावि रहेको टोलमा दुई वर्षअघि गण्डकी प्रदेश सरकारमार्फत कालोपत्र भएको थियो ।

दरवाङमा विसं २०६४ मा सडक पुगेको थियो । सडक पुगेको करिब १९ वर्षपछि कालोपत्र हुन लागेकोमा स्थानीयवासी उत्साही भएका छन् । स्थानीय बासिन्दाले सडकलाई फराकिलो पार्न स्वसफूर्त रूपमा घरको पेटी र टहरा भत्काएका छन् । धौलागिरि टोलका ३६ र नयाँ बजार टोलका ३१ वटा घरको पेटी र टहरा भत्काउनका लागि नक्शाङ्कन भएको छ । धौलागिरि टोलका अध्यक्ष मेख पुनले बैठकमार्फत नै सडक फराकिलो पार्नका लागि मापदण्डअनुसार आवश्यक पर्ने जग्गा दिने र संरचना भत्काउने निर्णय गरिएको बताउनुभयो ।

धेरै ठाउँमा सडक विस्तारका लागि प्रभावित क्षेत्रका बासिन्दाले घरटहरा भत्काउन नमानेर विवाद हुने गरेको अवस्थामा दरवाङका बासिन्दाले सकारात्मक सन्देश दिएका छन् । नयाँबजार टोलका अध्यक्ष मिराज गौतमले घरधनीहरूको सहमतिमा कम क्षति हुने गरेर संरचना भत्काउने सहमति भएको बताउनु भयो । यसअघि गतवर्ष हुलाकचोक, तल्लो दरवाङ, पुलचोक र झोलुङ्गे पुलतर्फ सडकको दाया र बाया पर्ने संरचना हटाएर करिब ४०० मिटर लामो नाली निर्माण भएको थियो ।

## विकरणित रगत सेवा सुरु

विराटनगर । विराट मेडिकल कलेज विराटनगरमा नेपालमै पहिलो पटक विकरणित रगत (इरेडिएटेड ब्लड) उपलब्ध गराउने सेवा प्रारम्भ गरेको छ ।

रेडिएसन प्रविधि प्रयोग गरेर रगतमा भएका हानिकारक (टिलिम्फो-साइट) लाई नष्ट गरी तयार गरिएको यो विशेष रगतले क्यान्सरका बिरामी, प्रत्यारोपण आवश्यक परेका तथा गरेका बिरामी र अन्य गम्भीर रोगका रोगीहरूको उपचारमा महत्वपूर्ण भूमिका खेल्ने हुनाले हस्पिटलले यो सेवा सुरु गरेको रक्त सञ्चार विशेषज्ञ डा विपीन नेपालले जानकारी दिनुभयो ।

डा नेपालका अनुसार जब बिरामीलाई सामान्य रगत चढाइन्छ, तब रगत दिने व्यक्तिको रगतमा भएको कोषिकाहरूले रोगीको शरीरको कोषिकाहरूलाई फरक मान्छन् । त्यसपछि दाता रगतको कोषिकाहरू बिरामीको शरीरको विरुद्ध लडाइँ गर्न सुरु गर्छन् । यसले रोगीको शरीरमा गम्भीर समस्या र जटिलता सिर्जना गर्ने समस्या देखिनसक्छ । "विकरणित रगतमा यो समस्या आउँदैन किन भने रेडिएसन प्रविधि प्रयोग गरेर दाता ब्लडबाट टिलिम्फोसाइट निष्क्रिय गरिन्छ", उहाँ भन्नुहुन्छ । त्यसैले दाता रगतको कोषिकाहरू बिरामीको शरीरको विरुद्ध आक्रमण गर्न सक्दैनन् । त्यसकारण विकरणित रगत बिरामीमा चढाउँदा यो खतरा हुँदैन र बिरामी सुरक्षित रहने रक्तसञ्चार विशेषज्ञ डा नेपालको भनाइ छ । सम्पूर्ण रगत रोग तथा रगत क्यान्सरका बिरामी, बोनम्यारो, मिर्गौला प्रत्यारोपण गर्नुपर्ने बिरामी, जन्मजात इम्युन कमजोर भएका बिरामीहरूलाई यसले फाइदा गर्ने रक्तक्यान्सर तथा रगत रोग विशेषज्ञ डा विकासकुमार शाहले बताउनुभयो । यो सेवा सुरु भएपछि बिराट मेडिकल कलेज टिचिङ हस्पिटलमा पूर्वी नेपालका विकरणित रगत आवश्यक भएका बिरामीहरूलाई धेरै लाभ मिल्ने अस्पतालले जनाएको छ ।

## बाथरोग उपचार क्लिनिक बन्दै



चितवन । चितवनको भरतपुर- १०स्थित नेशनल बाथरोग सेन्टरका नामबाट सञ्चालन गरिएको भरतपुर मेट्रो क्लिनिक बन्द गरिएको छ । शुक्रबार प्रमुख जिल्ला अधिकारी गणेश अर्याल सहित अनुगमनमा पुगेको स्वास्थ्य कार्यालय चितवन र भरतपुर महानगरपालिका स्वास्थ्य शाखाको टोलीले क्लिनिक बन्द गरेको हो ।

भरतपुर मेट्रो क्लिनिक भनेर दर्ता गरिएको क्लिनिक २०८१ सालसम्म मात्र नविकरण गरेको र नेशनल बाथरोग सेन्टरका नामबाट सञ्चालन गरेको पाइएपछि बन्द गरिएको स्वास्थ्य कार्यालय चितवनका जनस्वास्थ्य प्रशासक निर्मल घिमिरेले बताउनुभयो । "नेशनल बाथ रोग सेन्टरका नाममा सेवा प्रदान गरिएको छ, उहाँले भन्नुभयो, यो विशिष्टिकृत सेवा हो सङ्गमा दर्ता हुनुपर्छ ।" क्लिनिकले भौतिक संरचनालगायतका मापदण्ड पुरा नगरेको उहाँले बताउनुभयो । यस्तै क्लिनिकले सेवा प्रदायक चिकित्सकसँग सम्झौता नगरेको र प्रयोगशाला नविकरण नगरेको पाइएको घिमिरेले बताउनुभयो । लापरवाही गरेर क्लिनिक सञ्चालन गरेका कारण तत्कालका लागि बन्द गरिएको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिनुभयो । उहाँले नियमअनुसार मापदण्ड पुरा गरी दर्ता गरेर सेवा सञ्चालन गर्न निर्देशन दिइएको बताउनुभयो ।

## मोरङमा चैते धानको उत्पादन वृद्धि, मूल्यमा गिरावट

बेलबारी । मोरङमा चैते धान उत्पादनमा वृद्धि भएको छ । गत वर्षभन्दा यस वर्ष दुई हजार १९६ मेट्रिकटन बढी धान उत्पादन भएको कृषि ज्ञान केन्द्र मोरङले जनाएको छ । चैते धानको उत्पादन बढेपनि मूल्यमा गिरावटका कारण किसानले जनाएका छन् ।

यस वर्ष वृद्धि भई एक लाख तीन हजार ५७० दशमलव ६० मेट्रिकटन उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत आदर्श सिंहले जानकारी दिनुभयो ।

गतवर्ष १७ हजार ७५५ हेक्टर जमिनमा चैते धान लगाइएकोमा यस पटक वृद्धि भई १७ हजार ८५७ हेक्टर पुगेको उहाँले बताउनुभयो ।

अघिल्लो साल चैते धानको मूल्य क्वीन्टल दुई हजार सात सयसम्म पुगेकोमा यस वर्ष घटेर क्वीन्टल दुई हजार सम्ममा झरहेको रङ्गेली नगरपालिका-१ का किसान चन्द्र अधिकारी बताउनुहुन्छ ।

## श्रममन्त्री यादवसँग साउदी अरबका राजदूतको शिष्टाचार भेट

काठमाडौँ । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवसँग नेपालका लागि साउदी अरबका राजदूत फहद मोहम्मद ए. मिएखरले शिष्टाचार भेट गर्नुभएको छ ।

भेटका क्रममा मन्त्री यादवले साउदी अरबले कार्यान्वयन गर्न लागेको नेपाली श्रमिकहरूको सीप प्रमाणीकरण (एसभिपी) प्रक्रियालाई स्थगन गर्न विशेष आग्रह गर्नुभयो । साथै, उक्त प्रक्रियाका कारण नेपाली श्रमिकको भिसा प्रक्रिया प्रभावित नहोस् र भिसा प्रक्रिया यथावत् अगाडि बढाइयोस् भन्ने विषयमा पनि उहाँले विशेष अनुरोध गर्नुभयो ।

हाल साउदी अरब जान तयारी अवस्थामा रहेका नेपाली श्रमिक सीप प्रमाणीकरण प्रक्रियासम्बन्धी अन्योलका कारण समस्यामा परेको अवस्थाप्रति ध्यानाकर्षण गराउँदै मन्त्री यादवले श्रमिकको रोजगारीमा कुनै अवरोध नआउने वातावरण सुनिश्चित गर्न आग्रह गर्नुभयो ।

उहाँले सीप प्रमाणीकरण (एसभिपी) प्रक्रियासँग सम्बन्धित सबै विषय द्विपक्षीय परामर्श र सहमतिका आधारमा स्थापित संयन्त्रमार्फत समाधान गरिनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा राजदूतले साउदी सरकारसँग आवश्यक परामर्शपश्चात् यस सम्बन्धमा थप जानकारी उपलब्ध गराइने जानकारी गराउनुभएको श्रमन्त्रीको सचवालयले जनाएको छ ।

## कर्णाली राजमार्गका १६ वटा रुग्ण ठेक्का तोडिए

जुम्ला । जुम्लास्थित सडक डिभिजन कार्यालयले कर्णाली राजमार्गका सडक निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका १६ वटा रुग्ण ठेक्का एकसाथ तोड्न प्रक्रिया सुरु गरेको छ ।

सार्वजनिक सूचना प्रकाशित गर्दै कार्यालले कालिकोट, जुम्ला र मुगुमा सञ्चालित १६ वटा ठेक्का सम्झौता गरेर पनि समयमा काम सम्पन्न नगरेपछि ठेक्का अन्त्य गरिएकोसम्बन्धी १५ दिने सार्वजनिक सूचना निकालिएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी सौरभकुमार सिंहले जानकारी दिनुभयो ।

ठेक्का तोडिएका आयोजना आर्थिक वर्ष २०७४/७५ देखि २०८२/८३ मा सम्झौता भएका कालिकोटका १२, जुम्लाका तीन र मुगु जिल्लाका एक वटा सडक डिभिजन कार्यालयका मातहतका जिल्लाका रुग्ण ठेक्का तोड्नका लागि प्रक्रिया अगाडि बढाइएको सूचना अधिकारी सिंहको भनाइ छ । ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न कार्यालय लागिपरेको छ । विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदासमेत निर्माण व्यवसायी बाट निर्माण कार्य सम्पन्नतर्फ कुनै चासो नदेखाएकाले सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का रद्द गरिएको सडक डिभिजन कार्यालयका प्रमुख श्रवणकुमार महतराले बताउनुभयो । कानुनमा भएको व्यवस्थाबमोजिम ठेक्का सम्झौता अन्त्य गर ी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटी बापतको रकम, पेस्की जमानत जफत र पेस्की रकमको १० प्रतिशत ब्याज असुल गर्नाका साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने कार्यालय प्रमुख महतराको भनाइ छ ।

यसअघि कर्णाली राजमार्गका ठेक्का निर्माण कार्य अलपत्र पारिएका सडकका १० वटा रुग्ण आयोजनाका ठेक्का तोडिएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

## बनमा सिमेन्टका संरचना नबनाउन आग्रह



काठमाडौँ । गोकर्णेश्वर नगरपालिका-४ यज्ञडोल (जगडोल) सामुदायिक वन क्षेत्रमा सिमेन्टका संरचना निर्माण नगर्न स्थानीयले आग्रह गरेका छन् ।

प्रदेश सरकारका विभिन्न निकायले आर्थिक वर्षको अन्त्यमा राष्ट्रिय शहीद तथा शान्ति पार्क र निजामती स्मारक निर्माणाधीन वन क्षेत्रमा एकाएक धेरै सिमेन्टका संरचना निर्माण गर्न थालेपछि स्थानीयले त्यसको विरोध गर्दै निर्माण रोक्न आग्रह गरेका हुन् । गोकर्णेश्वर नगरपालिकाले पनि उद्यान क्षेत्रमा सिमेन्टका संरचना जथाभावी निर्माण नगर्न पत्राचार गरेको थियो । मन्त्रिपरिषद्ले २०६४ जेठ ११ गते गोकर्णमा राष्ट्रिय शहीद पार्क तथा निजामती स्मारक निर्माण गर्ने निर्णय गरेको थियो । हाल शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत यो पार्क निर्माणाधीन छ ।

## वाग्मती सफाइ महाअभियान ६८५ औँ हप्तामा



काठमाडौँ महानगरपालिका वडा नं ९ का सदस्य टेकराज अधिकारी, स्थानीयवासी लगायतको सक्रियतामा भएको सफाइबाट लगभग एक मेट्रिक टन नकुहिने फोहर व्यवस्थापन गरिएको छ । महानगरपालिकाको वातावरण विभाग टेकुको ट्रकमा राखी पठाइएको फोहर व्यवस्थापन गरिएको छ ।

काठमाडौँ । 'राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ १३ वर्षअघिदेखि सुरु भएको वाग्मती सफाइ महाअभियान ६८५ औँ हप्तामा प्रवेश गरेको छ । विसं २०७० जेठ ५ गते सुरु भएको सफाइ महाअभियान प्रत्येक हप्ताको शनिबार बिहान दुई घण्टा निरन्तर हुँदै आएको छ । भूकम्प, नाकाबन्दी, कोरोना महामारीजस्ता प्रतिकूल अवस्थामा पनि वाग्मती सफाइ महाअभियानले भने निरन्तरता पाउँदै आएको छ । महाअभियानबाट सफाइसम्बन्धी जागरण फैलिएको छ ।

सफाइ महाअभियानको ६८५औँ हप्तामा विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रको गुह्येश्वरी मन्दिरअघिका वाग्मती नदी किनारमा शनिबार सफाइ गरिएको छ । वाग्मती सफाइमा अधिकार सम्पन्न वाग्मती समितिका कर्मचारी,

प्रत्यूष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com